नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**

हरिहरभवन,पुल्चोक
ललितपुर

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०९।१८ गते मुद्दा दायर गरिएको छ।

१. **अभियुक्तको विवरण:**
जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. ११ कुम्भेश्वर स्थायी बसोबास भएका त्रिशक्ती ट्रेडर्स (स्थायी लेखा नम्बर ३०००७३५६२) को प्रोपाइटर सिद्धि बहादुर महर्जन ।

२. **कसुरको संक्षिप्त विवरण:**
त्रिशक्ती ट्रेडर्स (स्थायी लेखा नम्बर ३०००७३५६२) का प्रोप्राईटर सिद्धि बहादुर महर्जनले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर बिजक खरिद गरी बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन, २०५८ तथा मुल्य अभिबृद्धि कर ऐन, २०५२ तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको बिगो र सजायको मागदाविः**
राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क),(ख) र (ग) तथा हाल संसोधित दफा ४ को उपदफा (क), (ग) र (झ) (बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने मु.अ.कर तर्फ रु. १,८७,३४,६६१।- र आयकर तर्फ रु. ४,३०,५७,९१८।- समेत गरी जम्मा हुन आउने कुल बिगो **रु. ६,१७,९२,५७९।-( छ करोड सब हजार बयानब्बे हजार पाच सय उनासी मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन, २०७६) को दफा २३(१) बमोजिम असुल गरी शत प्रतिशत जरिवाना तथा सोही दफा २३ को उपदफा (१)(क) बमोजिमको हदैसम्मको कैद र उपदफा ४ बमोजिमको ब्याज समेत असूल हुन श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको छ।

| सि.नं | प्रतिवादी | बिगो | सजाय हुने बिगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | सिद्धि बहादुर महर्जन | ६,१७,९२,५७९।- | ६,१७,९२,५७९।- | १२,३५,८५,१५८।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**